का.जि.प्र.का.द.नं. १००/०५९/६०


३ असोज २०८०,
बुधबार
20 September 2023,
Wednessday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक २३७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# बढ्यो संविधानको स्वीकार्यता

संविधानप्रति असन्तुष्ट दलले विगतमा कालो दिवसदेखि विरोध दिवससम्म मनाइसकेका छन् । २०८० सालसम्म आइपुग्दा कुनै पनि राष्ट्रिय दल संविधानको विरोधमा छैनन् ।



नेपालको संविधान विश्वस्तरमै उत्कृष्ट छ । समाजवादमा पुग्नका निमित्त शिक्षा, स्वास्थ्यलगायतका मौलिक अधिकारहरु निःशुल्क र गुणस्तरीय बनाउन आवश्यक छ ।

■ **रेखा शर्मा**
सरकारको प्रवक्ता



संविधान कार्यान्वयनमा देखिएका त्रुटि तत्काल सच्याउनुपर्ने हुन्छ । यसले संविधानप्रतिको स्वीकार्यता बढाउनेछ ।

■ **नीलाम्बर आचार्य**
संविधानविद्

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ असोज ।

संविधानको स्वीकार्यता बढ्दै गएको छ । मधेस केन्द्रित राजनीतिबाट उदाएका केही दलहरु संघर्षमा रहेका बेला जारी भएको संविधानप्रति अपनत्व ग्रहण गर्नेक्रम बढेको हो । संशयपूर्ण अवस्थाका बीच २०७२ जेठ २५ गते राति प्रमुख दल (नेपाली कांग्रेस, नेकपा एमाले, तत्कालीन नेकपा एकीकृत नेकपा माओवादी र भएको १६ बुँदे सहमतिले संविधानलाई सुनिश्चित गरिदिएको थियो । सोही सहमतिलाई मधेस केन्द्रित कतिपय दलले अस्वीकार गरे । कतिपयले आलोचनात्मक समर्थन गरे । समर्थन र विरोधको कित्ताकाटमा अदलबदल भइरहेको थियो । असन्तुष्ट दल र आलोचकहरुले अन्तरिम संविधानबाट प्राप्त उपलब्धिबाट पछि फर्किएर संविधान जारी भएको भनी विरोध गर्दै आएका थिए ।

संविधान जारी हुँदा काठमाडौं लगायतका पहाडी समुदाय बाहुल्य क्षेत्रमा उल्लास मनाइरहँदा मधेसमा ब्ल्याक आउट गरिएको थियो । हुलाकी राजमार्गमा मानव साङ्लो बनाएर सांकेतिक विरोध पनि गरे । तर, राज्य गलेन । बरु आफ्ना कडा संघर्षका कार्यक्रम फिर्ता लिन आन्दोलनरत दलहरु नै बाध्य भए । सिंहदरबार घेराउ र खुलामञ्चमा रिले अनसनजस्ता नरम संघर्ष सुरु गरे । तर कुनै पनि प्रयास सफल भएनन् ।

जारी भएको आठ वर्षमा संविधानप्रति असन्तुष्ट दलले कालो दिवसदेखि विरोध दिवससम्म मनाइसकेका छन् । संविधान जारी हुने दिन अर्थात २०७२ असोज ३ गते उनीहरुले मुखमा कालो पट्टी बाँधी कालो झन्डा लिएर बृहत मौन जुलुस प्रदर्शन गर्ने र राति ७ बजेदेखि ८ बजेसम्म ब्ल्याक आउट गर्ने कार्यक्रम तय गरेका थिए ।

२०७३ असोज ३ गते पनि कालो दिवसको रुपमा मनाए । तर, संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय गठबन्धनले राजधानी काठमाडौंमै फरकफरक कार्यक्रम गरे । संविधान घोषणा भएको दोस्रो वर्ष २०७४ असोज ३ गतेसम्म आइपुग्दा राजनीतिमा व्यापक हेरफेर भइसकेको थियो । ६ वटा मधेस केन्द्रित दल मिलेर राष्ट्रिय जनता पार्टी गठन भएको थियो र फोरमसँग तिक्त सम्बन्धबाट गुज्रिरहेको थियो । मुख्य कुराचाहिँ असोज २ गते प्रदेश २ का स्थानीय तहहरुमा चुनाव सम्पन्न भएको र संविधान दिवसको दिन मत परिणाम आइरहेको अवस्थामा संविधानको विरोध प्राथमिकतामा परेन । कतिपयले फेसबुकमा कालो दिवस भन्दै लेखे पनि पार्टीका तर्फबाट कुनै विरोध कार्यक्रम आयोजना भएन ।

२०७५ को संविधान दिवससम्म आइपुग्दा कुनै बेलाको आन्दोलित दल फोरम नै सरकारमा सहभागी भइसकेको थियो । सोही दलले प्रदेश २ को सरकारको नेतृत्व गरिरहेको थियो । राजपा सो सरकारको सहयात्री थियो । फोरमले विज्ञप्ति नै निकालेर कालो दिवस नमनाउने र त्यस्ता कार्यकर्तामा सहभागी नहुन आग्रह गर्दै विज्ञप्ति निकाल्यो ।

संविधानप्रति असन्तुष्ट दलले विगतमा कालो दिवसदेखि विरोध दिवससम्म मनाइसकेका छन् । २०८० सालसम्म आइपुग्दा कुनै पनि राष्ट्रिय दल संविधानको विरोधमा छैनन् ।

सरकारको प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा नेपालको संविधान विश्वस्तरमै उत्कृष्ट रहेको बताउँछिन् ।

मंगलबार संविधान दिवस २०८० को अवसरमा चलचित्र विकास बोर्डमा आयोजित सम्मान तथा पुरस्कार वितरण समारोह २०८० लाई सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् । उनले अहिलेको व्यवस्थाले तल भन्दा तलका मान्छेलाई सिंहदरबार भित्र्याउने काम गरेको भन्दै यो सकारात्मक कदम भएको बताइन् ।

मन्त्री शर्माले व्यवस्था बदले पनि अवस्था बदल्न नसकेको भन्दै मान्छेको जीवनमा परिवर्तनको अनुभूति गर्ने गरेर »» पृष्ठ २ मा

## ६७० कैदीलाई माफी



राष्ट्रपति रामचन्द्र पौडेलले ६७० जना कैदीको भुक्तान हुन बाँकी कैद कट्टा गरी सजाय माफी गरेका छन् । संविधान दिवसको अवसरमा राष्ट्रपति पौडेलले मंगलबार ६७० जना कैदीको सजाय माफी गरेका हुन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले विज्ञप्ति जारी गर्दै शुक्रबार बसेको मन्त्रिपरिषद्को »» पृष्ठ २ मा

सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरुवाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दुःख कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अफ्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## शंकर पोखरेलको 'अर्थपूर्ण' भेट

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ असोज ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँग भेट गरेका छन् । चीन भ्रमण सकेर नेपाल फर्किएपछि महासचिव पोखरेलले भण्डारीसँग भेट गरेका हुन् । राजनीतिमा फर्किन सक्ने चर्चाकाबीच पूर्वराष्ट्रपति भण्डारीसँग एमाले महासचिव पोखरेलले भेटेका हुन् । चीन भ्रमणपछि भएको नेताद्धयको भेटलाई अर्थपूर्ण राजनीतिक भेटका रुपमा हेरिएको छ ।

> राजनीतिमा फर्किन सक्ने चर्चाकाबीच पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँग एमाले महासचिव शंकर पोखरेलले भेटेका छन् । चीन भ्रमणपछि भएको भेटलाई अर्थपूर्ण राजनीतिक भेटका रुपमा हेरिएको छ ।

सोमबार साँझ पूर्वराष्ट्रपति भण्डारीसँग भेटेका हुन् ।

चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा महासचिव पोखरेल चीन भ्रमणमा गएका थिए । एमाले उपाध्यक्ष सुवास नेम्वाङको निधन भएपछि महासचिव पोखरेल भ्रमण छोट्याएर स्वदेश फर्किएका थिए ।

राष्ट्रपति भण्डारी राजनीतिमा आउने चर्चाबारे अध्यक्ष ओलीले टिप्पणी गरेका थिए । तर, कम्युनिस्टहरूलाई एक ठाउँमा ल्याउने गरी भण्डारीलाई एमालेको भावी नेतृत्वमा ल्याउन एउटा पक्षले पहल गरिरहेका बेला पोखरेलले भण्डारीसँग भेटेका हुन् । एमालेको उपाध्यक्ष भएकै बेला भण्डारीलाई राष्ट्रपति बनाइएको थियो । तर, ७ वर्ष राष्ट्रपति भएपछि पनि उनी एमालेमा फर्किन सक्ने आकलन भइरहेको छ । यही बेला अध्यक्ष ओलीका विश्वासपात्र मानिने पोखरेलले अर्थपूर्ण भेट गरेका हुन् ।

पोखरेल आफैंले यो भेटको महत्व र सन्देश धेरै रहेको संकेत गरेका हुन् । भण्डारीलाई भेटेपछि पोखरेल स्वयंले चीन भ्रमणपश्चात पूर्व राष्ट्रपतिज्यूसँग भेटघाट भनेर फोटो »» पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## ड्राइभर भिसा खोल्ने योजनामा जापान

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज

जापानले ड्राइभर पेशामा विदेशी कामदार भित्र्याउने योजना बनाइरहेको छ । ड्राइभरको काम गरिरहेका जापानी नागरिकहरु ६० वर्ष उमेर पुगेर वृद्ध अवस्थामा प्रवेश गरेको र युवा अवस्थाका जापानीहरु ड्राइभर पेशामा इच्छुक नदेखिएपछि जापानको भूमि, पूर्वाधार, यातायात तथा पर्यटन मन्त्रालयले तोकुतेई गिनोउ अर्थात विशिष्ट सीपमा दक्ष कामदार (एसएसडब्लू) प्रणाली अन्तर्गत विदेशी कामदार भित्र्याउने गृहकार्य गरिरहेको त्यहाँका स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

विशिष्ट सीपमा दक्ष कामदार (एसएसडब्लू) अन्तर्गत विदेशी कामदार भित्र्याउने निर्णय भएमा हाल खाडीका विभिन्न मुलुकमा काम गरिरहेका र नेपालमै रहेका ड्राइभरहरुले रोजगारको राम्रो अवसर पाउन सक्ने बताइएको छ । ड्राइभरको अभाव पूरा गर्न आगामी दुई-तीन महिनाभित्र त्यहाँको भूमि, पूर्वाधार, यातायात तथा पर्यटन मन्त्रालय र अध्यागमनले यातायात उद्योगलाई पनि तोकुतेई गिनोउमा समावेश गर्न सक्ने पनि जापानी सञ्चारमाध्यमहरुको आंकलन छ ।

जापानका सार्वजनिक यातायातका सेवाहरु पर्याप्त चालक अभावका कारण विस्तार गर्न नसकिरहेको पनि समाचारमा जनाइएको छ । जापानमा काम गर्न जाने विदेशी कामदार सम्बन्धित काममा दक्ष हुनुका अतिरिक्त जापानी भाषामा पनि तोकिएको स्ट्यान्डर्ड कायम गर्नुपर्ने बाध्यता छ ।

जापानले ट्रक तथा मालबाहक सवारी सञ्चालन गर्न विदेशी कामदार भित्र्याउने निर्णय गरेपनि जापानी भाषामा कमजोर ड्राइभरले रोजगारी पाउने सम्भावना न्यून रहने बताइएको छ । ड्राइभरका लागि जापानी भाषा दक्षता जाँच गर्ने परीक्षाको दोस्रो तह (एन २) पास गरेको हुनुपर्ने मापदण्ड राखिन सक्ने अनुमान छ ।


### जापान र तान्जानियाको नाममा ठग्ने पक्राउ


**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि जापान पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले खोटाङ घर भइ काठमाडौं घट्टेकुलो बस्ने राजकुमार गुरुङ र सुनसरी घर भइ घट्टेकुलो बस्ने उदय गुरुङलाई पक्राउ गरेको हो ।

उनीहरुले वैदेशिक रोजगारका लागि जापान पठाइदिने भन्दै २ लाख ७० हजार रुपैयाँ लिएको प्रहरीको दाबी छ । जापानमा कुकको काममा मासिक एक लाख रुपैयाँ तलब हुने भनेर १५ लाखमा मोलतोल गरी ठगी गरेको प्रहरीले बताएको छ ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि आकर्षक »» पृष्ठ २ मा

## शेखर–गगनलाई विश्वको सरप्राइज







**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ असोज ।

मंगलबार नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले आफ्नो समूहको बैठक बोलाएका थिए । उक्त बैठकमा महामन्त्री विश्वप्रकाश शर्मा र नेता प्रदीप पौडेल उपस्थित रहने बताइएको थियो । तर, दुवै नेता गएनन् ।

शेखर दाइले बोलाएको बैठकमा नजानु भनेको देउवासँग नजिकिने भन्ने नभएको शर्मा निकट नेताहरु बताउँछन् । साथै, गगन थापासँग सम्बन्ध टाढा बनाउन पनि नभएको उनको प्रष्टीकरण छ । नेताहरुका अनुसार डा. शेखर कोइरालाको कार्यशैलीप्रति केही गुनासा भएकाले बैठकमा उपस्थित भएको सन्देश पठाएका छन् ।

केन्द्रीय सदस्यहरुले शर्मा र पौडेल किन नआएको भनी डा.शेखरलाई सोधेका थिए । जवाफमा डा. शेखरले शर्माले आउने वचन दिएको र पौडेलले चीन जान परेकाले आउन नसकेको जवाफ दिएको बताए ।

महामन्त्री गगन थापाले दुई महामन्त्री र शेखरको छुट्टै छलफल गरेर अर्को बैठकमा आउने वातावरण बनाउने आशय बैठकमा सुनाए ।

कांग्रेस उपसभापति धनराज गुरुङले भने महामन्त्री शर्मालाई जबरजस्ती गरेर समूहमा ल्याउन आवश्यक नभएको बताए ।

समूहमा नयाँ मान्छे जोड्ने कुरासँग जिम्मेवारी दिने कुरामा लड्नुपर्ने उनको भनाइ छ ।

कानुनमन्त्री समेत रहेका गुरुङले सरकारबारे ब्रिफिङ सुनाएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई सुशासनका पक्षमा उभिन आफूले निरन्तर दबाब दिइरहेको उनले बताए । कानुनमन्त्री गुरुङले न्यायाधीश नियुक्तिको प्रशंसा भएको पनि स्मरण गरे ।

पार्टी सभापति शेरबहादुर देउवाले काम कारबाहीमा हस्तक्षेप गरिरहेको उनको गुनासो छ । सरकार सञ्चालनमा पार्टी मान्छे पर्छन भनेर कांग्रेसबाटै खुट्टा तान्ने काम भएको उनको गुनासो छ ।

डा. शेखर समूहको बैठकमा आउन शेखर कोइरालाले फोन गरेर महामन्त्री विश्वप्रकाश शर्मा र महामन्त्रीका प्रत्यासी प्रदीप पौडेललाई समेत आमन्त्रण गरेका थिए । कोइरालाले फोन गर्दा दुवै नेताले सकारात्मक जवाफ दिएपनि अनुपस्थित भउपछि नेताहरुले सोधीखोजी गरेका हुन् । डा.शेखर कोइरालाले बोलाएको बैठकमा »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

३ असोज २०८०, बुधबार
20 September 2023, Wednesday

# 'संविधान प्रतिकूल नहुने माग विद्यालय शिक्षासम्बन्धी विधेयकमा राख्न सकिन्छ'

काठमाडौं/मस-कार्यवाहक प्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले संसदमा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा संविधान विपरीत नहुने र विद्यमान अर्थतन्त्रले धान्न सक्ने माग समावेश गर्न सकिने बताएका छन् ।

राष्ट्रिय शिक्षा दिवस, २०८० का अवसरमा आयोजित मूल समारोह समितिको कार्यक्रममा कार्यवाहक प्रधानमन्त्री खड्काले विधेयकमाथि प्राप्त सुझाव र आवाजलाई ध्यान दिएर आफू नेतृत्वको कार्यदलले परिमार्जनसहित जायज माग सम्बोधन गरेरै विधेयक दर्ता गराएको समेत स्पष्ट पारे । उनले दर्ता भएको विधेकयमा केही कमी भए वार्ता र छलफलबाट सम्बोधन गर्न सकिने पनि बताए ।

उनले नेपाल शिक्षक महासंघलाई आन्दोलनका कार्यक्रम फिर्ता लिएर वार्तामा आउन समेत आह्वान गरे । उनले महासंघलाई संविधान विपरीत नहुने र विद्यमान अर्थतन्त्रले धन्न सक्ने विषय विधेयकमा मिलाउनका लागि सरकार तत्पर रहेको बताए ।

उनले विधेयकमाथि महासंघका के कस्ता असन्तुष्टि छन् भन्ने सरकारलाई थाहा नभइए आकस्मिकरुपमा विद्यालय बन्दलगायतका विरोधका कार्यक्रम घोषणा गरेको बताए । महासंघले यही असोज ३ गतेदेखि विद्यालय बन्दलगायत विरोधका कार्यक्रम घोषणा गरिसकेको छ ।

कार्यवाहक प्रधानमन्त्री खड्काले चिकित्सा शिक्षा क्षेत्रमा देखिएका समस्याका विषयमा पनि आवश्यक सहजीकरण गर्न प्रधानमन्त्रीको निर्देशनमा काम भइरहेको अवगत गराए । उनले सरकार संविधानमा मौलिक हकका रुपमा रहेको अनिवार्य र निःशुल्क शिक्षाको कार्यान्वयन गराउन प्रतिबद्ध रहेको स्पष्ट पारे । यसको कार्यान्वयनका लागि तीन वटै तहका सरकारबीच उचित समन्वय र सहकार्य जरुरी रहेको उनको भनाइ छ ।

उनले पाठ्यक्रममा सुधार र पठनपाठनमा विविधीकरण गरी शिक्षाको पहुँच र गुणस्तर बढाउनुपर्ने उल्लेख गर्दै सरकारले मानव स्रोत विकास योजना बनाइ प्रतिस्पर्धी जनशक्ति तयार गरी रोजगार बजार अनुकूल हुने नीति तर्जुमा गर्ने जानकारी गराए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले मस्यौदा भएको विद्यालय शिक्षासम्बन्धी विधेयक संसद्मा पुगेकाले त्यसलाई थप परिमार्जनका लागि संवाद र वार्ताका माध्यमबाट जानुपर्नेमा जोड दिए । उनले आन्दोलनरत शिक्षक महासंघलाई आज दिउँसो ३ बजे वार्तामा बोलाइएकामा महासंघले सहभागी नहुने जनाएकामा चिन्ता व्यक्त गरे । राष्ट्रसेवक र जिम्मेवार शिक्षक/कर्मचारीले विद्यार्थीको पढ्न पाउने हकलाई कुण्ठित गर्न नहुने उनको भनाइ छ । कार्यक्रममा उत्कृष्ट विद्यालय, कलेज, शिक्षक, कर्मचारी, प्राध्यापकलगायतलाई पुरस्कार प्रदान गरिएको थियो ।



## वार्तामा बस्न अस्वीकार

आन्दोलनको घोषणा गरेको नेपाल शिक्षक महासंघले सरकारसँग वार्तामा बस्न अस्वीकार गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मंगलबार दिउँसो ३ बजेका लागि वार्तामा बोलाएको थियो । तर महासंघले भने बैठक अस्वीकार गरेको हो । शिक्षा मन्त्रालयसँग वार्ता गर्नुको औचित्य नभएको महासंघले जनाएको छ ।

महासंघ सहअध्यक्ष तथा आन्दोलन परिचालन समिति संयोजक नानुमाया पराजुलीले प्रधानमन्त्री तथा व्यवस्थापिकाले बोलाएको वार्तामा मात्र जाने बताइन् । महासंघले शिक्षा विधेयकमा आफ्ना मागहरु नसमेटिएको भन्दै बधबारदेखि काठमाडौं केन्द्रित आन्दोलनको घोषणा गरेको छ । त्यसका लागि जिल्ला जिल्लाबाट शिक्षक कर्मचारीहरू काठमाडौं आउने क्रम जारी रहेको महासंघले जनाएको छ ।

पटक-पटक सरकारसँग सहमति र वार्तामा बसेको तर, विधेयक बनाउँदा शिक्षक कर्मचारीहरूलाई मर्का पार्ने गरी आएको महासंघको आरोप छ । महासंघले विधेयकमा संशोधन गर्नुपर्ने विभिन्न १८ बुँदे माग अघि सारेको छ । जसमा सरुवा बढुवा, दरबन्दी, स्थानीय पालिका अन्तर्गत नबस्ने लगायतका मागहरू रहेका छन् । महासंघलाई आन्दोलनका कार्यक्रम स्थगित गरेर वार्तामा आउन सरकारले आह्वान गरेको हो । त्यसका लागि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको संयोजकत्वमा वार्ता समिति गठनसमेत गरेको छ ।

# ईए परियोजनाको प्रारम्भिक कार्यक्रम सम्पन्न

बाजुरा/मस- मानव संशाधन केन्द्र एच आर सी बाजुराका अध्यक्ष निर बहादुर शाहीको अध्यक्षतामा ईए परियोजनाको प्रारम्भिक कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बाजुरा जिल्ला समन्वय समितिका प्रमुख तुलसीराम रोकाया, बडीमालिका नगर प्रमुख अम्मर बहादुर खड्का, उप प्रमुख नन्दा थापा, वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, अपाङ्गता भएका व्यक्तिबीच उक्त कार्यक्रम सम्पन्न भएको हो । उक्त कार्यक्रमको सम्बोधन गर्दै जिल्ला समन्वय समितिका प्रमुख तुलसीराम रोकायाले बाजुरा जिल्लामा सफलतापूर्वक अपाङ्गमैत्री वातावरण आयोजित गर्न र मानवअधिकार आयोगसँगको संयुक्त प्रयासमा सहयोग कार्यक्रम कार्यान्वयन गर्ने बताए ।

बडिमालिकाका नगर प्रमुख अम्मर बहादुर खड्काले बडिमालिका नगरपालिकामा मानव अधिकार आयोगसँगको समन्वय र सहकार्यबारे स्पष्ट पारे ।

अब पालिकामा अपाङ्ग भएका व्यक्तिहरुको पहिचान गरी वास्तविक अपाङ्गहरुको हक हितमा काम गर्ने इए परियोजनालाई पालिकाले भरपुर सहयोग गर्ने उनले बताए ।

# आजदेखि सूर्यविनायक-रत्नपार्क द्रुत बस सेवा



**काठमाडौं/मस-** आजदेखि सूर्यविनायक-रत्नपार्क सडकखण्डमा द्रुत बस सेवा सञ्चालन हुने भएको छ । द्रुत बस सेवामा २५ वटा बस सञ्चालनमा ल्याउन लागिएको हो । संविधान दिवसको अवसरमा सुरुवात गर्न लागिएको द्रुत बस सेवा शुरु गर्न माकिंङ गरेर छुट्टै लेन तयार गरिएको छ । द्रुत बस सेवाको लेनमा रातो रंगले पोतिएको छ । सेवा सञ्चालनका लागि सडक विभागले सडकमा मार्किङको काम सकाएको छ भने यातायात व्यवस्था विभागलाई बसको व्यवस्थापनको जिम्मेवारी दिइएको छ । यो सेवा शुरु भएपछि यस लेनमा दैनिक बिहान ९ बजेदेखि ११ बजे र साँझ ४ बजेदेखि ६ बजेसम्म द्रुत बससेवा सञ्चालन हुनेछ ।

यस समय बाहेकको समयमा भने अन्य सबै प्रकारका बस यस लेनबाट चलाउन पाइने छ । कार्यालय समयलाई ध्यानमा राखी द्रुत बस सेवा चलाउन लागिएको यातायात व्यवस्था विभागले जनाएको छ ।

रेड मार्किङ गरेको सडकमा द्रुत बससेवा सञ्चालनको समयमा अन्य सवारी साधन गुड्न नपाउने भएकाले यस लेनमा चल्ने बसले ट्राफिक लाइटमा पनि रोकिन नपर्ने विभागले जनाएको छ ।

### बढ्यो...

राज्यले अवस्था बदल्नुपर्ने बताइन् । उनले यही व्यवस्था अन्तर्गत राज्य सञ्चालन गरेकाहरुले गरेको गल्तीबाट यो व्यवस्था बेठिक भएको हो कि के हो भन्ने प्रश्न उठेको पनि बताइन् ।

मन्त्री शर्माले समाजवादमा पुग्नका निमित्त शिक्षा, स्वास्थ्य लगायतका मौलिक अधिकारहरु निःशुल्क र गुणस्तरीय बनाउन आवश्यक रहेको बताइन् ।

तर, संविधानविद् एवं पूर्व राजदूत नीलाम्बर आचार्य नेपालको संविधान कार्यान्वयनमा देखिएका त्रुटिलाई तत्काल सच्याउनुपर्ने बताउँछन् ।

आचार्यले नेपालको संविधान कार्यान्वयनमा बाटो बिराएको उल्लेख गर्दै संवैधानिक अभ्यासको समीक्षा र संविधानकै समीक्षा गर्नुपर्ने बेला आएको बताएका हुन् । मंगलबार एमालेले पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजना गरेको सुवास र संविधान विषयक प्रवचन कार्यक्रममा बोल्दै उनले सबैको भावनालाई समेटेर संविधान कार्यान्वयनको पाटोलाई सही बाटोमा ल्याउन सक्ने क्षमता भएका सुवास नेम्वाङको निधनले ठुलो क्षति पर्‍याएको बताए ।

### ६७० कैदीलाई...

बैठकको सिफारिस अनुसार बुधबारदेखि लागू हुनेगरी उनीहरुको कैदको सजाय माफी गरेको उल्लेख गरेकी छन् ।

राष्ट्रपति पौडेलले भीमबहादुर खवास, हर्कबहादुर लिम्बु र समदिन मियाँसहित ६७० जना कैदीहरूको कैद सजाय माफी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

### शंकर...

सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका हुन् ।

ओलीले दुईतिहाइको सरकार टिकाउन नसकेको, पटक-पटक संसद् विघटन गरेको, एमालेलाई फूटबाट जोगाउन नसकेको, आम चुनावपछिको केन्द्र र प्रदेशको सरकार टिकाउन नसकेको जस्ता आरोप खेपिरहेका छन् । यसैले एमालेको ठूलै समूहले ओलीको सट्टा विद्यालाई अगाडि सार्दा माधव नेपालले नेतृत्व गरेको सहितका कम्युनिस्ट पार्टीबीच एकता हुन सक्ने तर्कसहित पहलकदमी लिएका छन् । तर, यो विषयलाई अध्यक्ष ओलीले सहज रूपमा नलिएको कतिपय नेताहरु बताउँछन् ।

राजनीतिक विश्लेषकहरू यो भेटलाई दुई अर्थमा हेर्न सकिने बताउँछन् । पहिलो, चीनले पनि एमालेको नेतृत्व परिवर्तन र कम्युनिस्टबीच एकता चाहेको छ । दोस्रो, ओलीले भण्डारीबाट थ्रेट महसुस गरेकाले विश्वासपात्रलाई भेट्न पठाएर हामीसँगै छौं भन्ने देखाउँदैछन् । राजनीतिक विश्लेषक कृष्ण पोखरेल कम्युनिस्टबीच एकता गर्ने विषय टाढाको भए पनि अब एमालेमा ओलीबाट पार्टी चल्छ भन्नेमा उनकै टीम पनि विश्वस्त नभएको बताउँछन् । लुम्बिनी प्रदेश अधिवेशन उद्घाटनकै दिन भदौ १६ गते पोखरेल चीन भ्रमणमा गएका थिए । भ्रमणका क्रममा पोखरेलले चिनियाँ कम्युनिष्ट पाटी सीपीसीका विदेश विभाग प्रमुख लिउ जियनचाओ र पोलिटब्यूरो सदस्य युआन जियाजुनसँग भेट गरेका थिए । जियाजुन गत साउनमा नेपाल भ्रमणमा पनि आएका थिए ।

पोखरेलसँग स्थायी समिति सदस्य तथा परराष्ट्र मामिला विभाग प्रमुख डा. राजन भट्टराई, स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतम पनि चीन पुगेका थिए ।

### जापान...

तलबमा तान्जानीया पठाइदिन्छु भनी प्रलोभनमा पारेर ठगी गरेको उजुरीको आधारमा प्रहरीले दैलेखको नारायण नगरपालिका स्थायी घर भइ हाल स्वयम्भु बस्ने गणेशबहादुर सिहंलाई पक्राउ गरेको छ । सिंहले बुद्धिराम पुन मगरलाई प्रलोभनमा पारी रकम लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ ।

प्रहरीले सिंहलाई वैदेशिक रोजगार विभागको पत्रको आधारम सितापाइला चोकबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीको लागि विभागको कार्यालय पठाएको बताएको छ ।

### शेखर...

आउने सन्देश दिएर पनि महामन्त्री विश्वप्रकाश शर्मा अनुपस्थित रहेर सरप्राइज्ड दिएको नेताहरु बताउँछन् । डा. शेखरलाई नेतृत्वमा अस्विकार गरेको संकेत गर्दै महामन्त्री शर्माले सभापतिमा नयाँपन खोजेको बताएका छन् ।

साथै छलफलमा नेताहरुले डा.शेखर र महामन्त्री थापाको सम्बन्धका विषयमा समेत चासो राखेका छन् ।

शेखर-गगन समूहका पदाधिकारी र केन्द्रीय सदस्य सहभागी बैठकमा नेताहरुले समूहभित्रको एकतालाई लिएर प्रश्न उठाएका हुन् । नेताहरुले शेखर-गगनबीचमा छलफल गरी एकतावद्ध हुन सुझाव दिएका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७०/११/०६ मा दर्ता भएको **प्रा.लि. नं. ११९८९९** को **आइमाइ कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/१२/१५ मा दर्ता भएको **प्रा.लि. नं. ९१९३३/०६८/०६९** को **विराट इन्टिग्रेटेड एग्रिकल्चर एण्ड डेभलपमेन्ट प्रा.लि.** को मिति २०८०/०६/०२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**
यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।
तपसिल

| S. N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Basic Rate | Vat 13 % | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Etectric Geyser | Konka | K35 LGC CLASSIC | India | Pcs | NPR | 35 ltrs | 10,619.47 | 1,380.53 | 12,000 | |
| 2 | Electric Geyser | Konka | K15 LGI IMPERIO | India | Pcs | NPR | 15 ltrs | 10,796.46 | 1,403.54 | 12,200 | |
| 3 | Electric Geyser | Konka | K25 LGI IMPERIO | India | Pcs | NPR | 25 ltrs | 12,389.38 | 1,610.62 | 14,000 | |

**बिक्रताको नाम : सौरभ फोटो इन्टरनेशनल ।**
**ठेगाना** : तिनकुने, सुविधानगर, काठमाडौं । **प्यान नं.**: ३०००५०२७१ । **फोन नं.**: ०१-४१११६३०

**युएइमा पुरुष तथा महिलाहरुलाई रोजगार**

कम्पनी: Landmark Leisure LLC — शहर: Uae
पूर्व स्वीकृत मितिः २०७९/०५/२६ — चलानी नं.: ६०१८७३९५ — LT. No.: 271766 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shop Assistant | 19 | 18 | स. काममा दक्ष | 1411 | ५१,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १० देखि १३ गतेसम्म (27 to 30 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

**Cyprus मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर**

१.कम्पनी: Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।१०।१३ — चलानी नं. ६०१९५७४९ — LT.No. 280163 — पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,२७,६७४।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook B | 3 | 0 | | 870 | १,२३,४१८।- | | | | | | | |
| 3 | Barmaid | 2 | 0 | | 800 | १,१३,४८८।- | | | | | | | |
| 4 | Chambermaid | 0 | 1 | | 700 | ९९,३०२।- | | | | | | | |

२.कम्पनी: Medeon International Placement Agency Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।०८।२१ — चलानी नं. ६०१९२९११ — LT.No. 277294 — पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 1 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १,२०,५८१।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Bartender | 3 | 2 | | 700 | ९९,३०२।- | | | | | | | |
| 3 | Houseboy | 3 | 0 | | 500 | ७०,९३०।- | | | | | | | |

३.कम्पनी: Medeon International Placement Agency Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।०३।२८ — चलानी नं. ६०१८३१५४ — LT.No. 266973 — पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 2 | काममा दक्ष | 520 | ७३,७६७।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १ नं. कम्पनीको रु.३०,०००।- सि.नं. २ र ३ कम्पनीको रु.४०,०००।- |

अन्तर्वार्ता २०८० असोज १० गते (27 Sept., 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

**कुवेत र युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : THE BEST CLEAN UPHOLSTERY CLEANING CO. SPC — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०६/०२ — चलानी नं.: ६०२०७८८५ — LT. No.: 292659

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 9 | सम्बन्धित काममा दक्ष | 140 | ६०,२५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 150 | ६४,५६२ | | | | | | | |

२. कम्पनी : SAQER AL FARAANA SECURITY SERVICES — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०६/०२ — चलानी नं.: ६०२०७८८३ — LT. No.: 292630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 21 | 0 | स. काममा दक्ष | 2250 | ८१,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १० गते (27 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.M.T. Overseas Pvt. Ltd. — Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9842036587, 9808466028, 9816731487, 9862504026, 9808635854, 9869317171.

**मलेसिया र युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: ABAB SAFEGUARD (M) SDN BHD — शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०८०/०५/३१ — चलानी नं.: ६०२०७८१६ — L.T. No.: 292653

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 43 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: CHINA RAILWAY 18TH BUREAU GROUP L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०६/०२ — चलानी नं.: ६०२०७८८७ — L.T. No.: 292773

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 100 | 0 | | 1200 | ४३,४२८ | | | | | | | |
| 3. | Steel Fixer | 100 | 0 | | 1200 | ४३,४२८ | | | | | | | |
| 4. | Stone Mason | 100 | 0 | | 1200 | ४३,४२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १० गते (27 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096

# ३६ न्यायाधीश नियुक्तिका लागि सिफारिस




**काठमाडौं/मस–** न्यायपरिषद्को बैठकले ३६ रिक्त जिल्ला न्यायाधीश नियुक्त गर्ने निर्णय गरेको छ।

परिषद्का अध्यक्ष एवं सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो। बैठकले ३६ जनालाई नियुक्त गर्ने निर्णय गरेको न्यायपरिषद्का प्रवक्ता मानबहादुर कार्कीले जानकारी दिए।

लोकसेवा आयोगले लिएको परीक्षामा पारशमणि पोखरेलले मात्र नाम निकाएका थिए। साथै, परिषद्को बैठकले आजै १९ जना न्यायाधीशको सरुवा गरेको छ। उच्च अदालतका एक र जिल्ला अदालतका १८ न्यायाधीशको सरुवा तथा पदस्थापन गरिएको हो।

### न्यायपरिषद् नियमावलीमा भएको संशोधनप्रति विरोध

नेपाल बार एशोसिएसनले न्यायपरिषद् नियमावलीमा भएको संशोधनप्रति विरोध जनाएको छ। बारले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) ले न्यायाधीशको मर्यादाक्रम हेरफेर गर्ने यही असोज १ मा राजपत्रमा प्रकाशित न्यायपरिषद्को सूचनाप्रति विरोध जनाएको हो।

बारको आकस्मिक बैठकपछि मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा उक्त संशोधनले न्याय सेवाको मुख्य रजिष्ट्रारको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिको हकमा मुख्य न्यायाधीशपछिको रोल क्रममा राख्ने उल्लेख भएको विषय खारेज गर्न माग गरिएको छ।

त्यस्तै, न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिको हकमा विशिष्ट श्रेणीको पदमा नियुक्ति भएको मितिभन्दा पछि उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिभन्दा अगाडिको रोल क्रमका आधारमा वरिष्ठता कायम गरिने भनिएको छ।

बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले संशोधन गरिएको व्यवस्थाले व्यवस्थाले सँगै सिफारिस भएपनि उनीहरु बरियतामा माथि पर्ने र कानून व्यवसायबाट गएकाहरु पछि पर्ने बताए।

नेपालको संविधानको धारा १४१ (३) र प्रचलित कानूनसँग प्रत्यक्षरुपमा बाझिन गएको बारको ठहर छ। उक्त संशोधनले न्यायाधीश नियुक्तिसम्बन्धी रोल क्रमको संशोधित व्यवस्था संविधान, कानून र न्यायका मान्य सिद्धान्तविपरीत भएकोले सच्याउन माग गरेको छ। 'यो संशोधन नेपाल बार एशोसिएसनलाई किमार्थ स्वीकार्य छैन, यसका अतिरिक्त यो संशोधन पश्चागामी, विभेदपूर्ण, पूर्वाग्रही रहेको यस एशोसिएसनको ठम्याइ छ', बारका अध्यक्ष घिमिरे र महासचिव अन्जिता खनालले संयुक्तरुपमा जारी गरेको विज्ञप्तिमा भनिएको छ।

उक्त संशोधन अविलम्ब खारेज गर्न र सो संशोधनका आधारमा साविकका न्यायाधीशहरुको मर्यादाको रोलक्रमको प्रावधानमा कुनै कुरा फेरबदल नगर्न पनि बारले माग गरेको छ।

## महिलाको घाँटीबाट सुनको सिक्री लुटपाट गर्ने चार पक्राउ



काठमाडौं/मस- महिलाले घाँटीमा लगाएको सुनको सिक्री लुटपाट गर्ने चारजनालाई प्रहरीले मंगलबार सार्वजनिक गरेको छ। उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको थियो।

पक्राउ पर्नेमा बागबजार घर भइ सितापाइला बस्ने ४४ वर्षीय सुरज गुरुङ, पर्सा वीरगन्ज घर भइ हाल क्षेत्रपाटी बस्ने ४८ वर्षीय अनवर हुसेन अन्सारी छन्। साथै अन्य दुई जना भारतीय नागरिकहरु पश्चिम बङ्गालका ४७ वर्षीय शक्ति भौमिक र महाराष्ट्र राज्य सोलापुरका ३० वर्षीय सचिन गाड्वे रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए।

रेग्मीका अनुसार गत भदौ २५ गते उनीहरुले कुलेश्वर आवास क्षेत्र नजिकै सडक किनाराबाट पैदल हिँडिरहेकी काभ्रे पाँचखालकि अफ्सरा श्रेष्ठको घाँटीमा लगाई राखेको अन्दाजी दुई तोलाको लकेटसहितको सिक्री लुटपाट गरेका थिए। अनुसन्धानका क्रममा काठमाडौं महानगरपालिका-२८ बागबजार घर भई हाल सीतापाइला बस्ने ४४ वर्षी सुरज गुरुङ समेतका मानिसहरुको संलग्नता रहेको भन्ने खुल्न आएपछि निजहरुलाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरिएको हो।

पक्राउ परेकाहरुलाई लुटपाट गरी लगेको सुन तथा प्रमाण लाग्ने अन्य दसीका सामानहरुसहित थप अनुसन्धानका लागि प्रहरी वृत्त कालीमाटी पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०३**

**सुकेशरी शिक्षा प्रा.लि.** को मिति २०८०/०५/०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **यु थिङ्क केजि प्रा.लि. (प्रा.लि. नं.: २८९०९२)** साथै साविक ठेगाना परिवर्तन गरी **ललितपुर महानगरपालिका-१९, ललितपुर** कायम गर्ने गरी मिति २०८०/०५/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# पत्रकारमाथि कुटपिट घटनाः प्रहरीले लिएन उजुरी

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २ असोज




पत्रकार तथा मानव अधिकारकर्मी मनोहर पोखरेलमाथि भएको कुटपिटमा संलग्न असइ राजेश्वर महतोविरुद्धको उजुरी लिन जिल्ला प्रहरी कार्यालय सप्तरीले अस्वीकार गरेको छ। सूचना तथा समाचार संकलन गरी फर्किंदै गरेका बेला असइ महतोले जिप्रका सप्तरीको परिसरभित्र पोखरेलमाथि गरेको आक्रमणको साढे एक महिना बितिसक्दा पनि उजुरी दर्ता गर्न नमानेको नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष तथा प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले जानकारी दिए।

गत साउन १५ गतेका दिन मानवअधिकार ज्यादती पीडितको सहायताका लागि समाचार संकलन गर्न जिल्ला प्रहरी कार्यालय पुगेका पोखरेलमाथि फर्किंने बेला ४० वर्षीय असइ महतोले अण्डकोषमा बुटले आक्रमण गरेको घटनाको उजुरी प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले दर्ता गर्न र दरपीठ गर्न समेत नमानेपछि उनीहरु फर्किएको महासंघका केन्द्रीय सदस्य अवधेश झाले बताए। उजुरी दर्ता गराउन पोखरेलसहित प्रेस स्वतन्त्रता सेनानी झा, महासंघका केन्द्रीय सदस्य अवधेश झा, महासंघ शाखा सप्तरीक सदस्य दिनानाथ यादव, इन्सेक प्रदेश संयोजक राजु पासवान, एड्भोकेसी फोरमका अधिवक्ताहरु राजकुमार महासेठ र कुमार प्रसाद थपलिया जिल्ला प्रहरी कार्यालय पुगेका थिए।

आरोपितले साउन १५ कुटपिट गरेको भनि स्वीकार गरिसकेको छ। जिल्ला प्रहरी कार्यालय परिसरको सीसीटिभीमा समेत कुटपिटको प्रमाण रहेको छ। त्यस्तै कुटपिटमा संलग्न असइ महतोलाई साउन १६ गतेदेखि प्रहरीले निलम्बन गरेको अवस्थामा समेत आन्तरिक कारबाहीको निर्णय अझै भएको छैन। पीडितले न्यायका लागि प्रचलित कानून बमोजिम दिन पाउने उजुरी प्रहरीले लिन नमानेको इन्सेक प्रतिनिधि पासवानले बताए। विपक्षी जिल्ला प्रहरी कार्यालय समेत भएको गर्भपतन मुद्दामा उच्च अदालत जनकपुर, राजविराज इजलासबाट २०८० जेठ २६ गते भएको परमादेश अनुसारको २०८० साउन ७ गतेको पत्र जिल्ला प्रहरी कार्यालय सप्तरीमा दर्ता भएपनि उजुरी दर्ता नभएकोमा निवेदककै आग्रहमा प्रमाण खण्डका साक्षी समेत भएर २०८० साउन १५ गते जिल्ला प्रहरी कार्यालय जाँदा पोखरेलमाथि असइ महतोले मुक्का र बुटले आक्रमण गरेका थिए।

मुद्दा फाँटबाट बाहिरिँदै गर्दा अचानक आएका असई महतोले गालीगलौज गर्दै धम्काएर रिसाउँदै कार्यालय भित्र गएको एक दुई मिनेटमा फर्किएर मुक्का र बुटले प्रहार गरेको पीडितले बताए। पीडितको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भएको थियो। प्रहरीबाट भएको आक्रमणको विरोधमा नेपाल पत्रकार महासंघले एक सातासम्म आन्दोलन गरेपछि साउन ३० गते सिडिओ भूपेन्द्र थापा, एसपी कार्की र पत्रकार महासंघबीच दोषी असई महतोलाई प्रचलित कानून अनुसार कारबाही गर्ने सहमति भएको थियो। तर प्रचलिन कानून बमोजिम प्रहरीले उजुरी दर्ता गर्न अस्वीकार गरेपछि न्यायका लागि कानून बमोजिम प्रकृया अगाडि बढाउने पत्रकार पोखरेलले बताए।

उक्त घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, फोरम एशिया, इन्सेक, नेपाल पत्रकार महासंघ, आमसञ्चार प्राधिकरण जनकपुरधाम, पत्रकार तथा मानव अधिकार सम्बद्ध विभिन्न संघ-संगठन, सप्तरी जिल्ला वार इकाई, राजविराज उच्च अदालत वार एशोसिएशन, गैसस महासंघ सप्तरी, सामुदायिक सेवा केन्द्र, सप्तरी र सप्तरीमा क्रियाशील ६ राजनीतिक दललगायतले दोषीलाई कारबाही गर्न माग गर्दै प्रेस विज्ञप्ति जारी गरेका छन्।

**माइग्रेशन हरायो**

मिति २०८०/०५/२५ गते लोकन्थली (भक्तपुर)देखि कोटेश्वर (काठमाडौं)सम्म जाँदा मेरो कक्षा १२ को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी तथा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ।

**नाम** : **दिपेश जैसी**
**रजिष्ट्रेशन नं.** : M0565352
**ठेगाना** : **वीरेन्द्रनगर-३, सुर्खेत**
**मोवाइल नं.** : 9843085609

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०३**

**अश्री ईन्भेष्टमेन्ट प्रा.लि.** को मिति २०७९/०४/१५ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अश्री अटोमोवाइल्स प्रा.लि. (प्रा.लि. नं.: २६२५३५)** कायम गर्ने गरी मिति २०७९/०५/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

यस मगर उत्थान समाज गोंगबु काठमाडौंको ११औं साधारणसभा तथा छैटौं अधिवेशन मिति २०८०/०५/०६ गतेको कार्यसमितिको निर्णय भएको हुदाँ संस्थाको सल्लाहकारज्यूहरु कार्यसमितिका पदाधिकारीज्यूहरु आजीवन सदस्यज्यूहरु र सदस्यज्यूहरु उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**तपशिल :**
मिति : २०८०/०६/२० गते शनिबार
समय : विहान ११:०० बजे
स्थान : भू.पू. सैनिक पार्टी प्यालेस

**आयोजक**
**मगर उत्थान समाज**
**गोंगबु, काठमाडौं**
**९८५१०९२७४९**

**अत्यन्त जरुरी सूचना**

काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. १०, टोखा रोड सामाखुशीस्थित सञ्चालनमा रहेको श्रम इजाजत नं. १४११/०७४/०७५ भएको **फरएभर ह्युमेन रिसोर्स सोलुसन प्रा.लि.**को सञ्चालक कम्पनीमा ५% मात्र शेयर रहेका खोटाङ जिल्ला साविक खार्मी गा.वि.स. वडा नं. ९ हाल रुपाकोट मझुवागढी न.पा. वडा नं. ८ बस्ने फलाम सिंह राईका छोरा वर्ष ४१ को तपाईं भिमराज राई (ना.प्र.नं. १२१०५९/३५३ मिति २०६९/०७/०२ जि.प्र.का. खोटाङ) विगत २ वर्षदेखि यस कम्पनीमा नआई बाहिर बसी विभिन्न व्यक्तिहरुसँग अनुचित आर्थिक कारोवारहरु व्यक्तिगत तवरमा गरी मानिसहरुसँग रकम लिई आफ्नो व्यक्तिगत चेक दिई मानिसहरुको रकम नतिरेका कारण चेक बाउन्स भइ तपाईं कालो सूचीमा परेकाले यस कम्पनीलाई बैंकिङ कारोवार तथा अन्य आर्थिक कारोवारहरु गर्न दिनप्रति दिन अत्यन्त कठिनाइ भइरहेको हुँदा तपाईं जहाँ जे जस्तो हालतमा हुनुहुन्छ, यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र वैदेशिक रोजगार विभाग वा यस कम्पनीमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ। यो सूचनालाई अटेर गरी कम्पनीमा सम्पर्क नगरी बसेमा कम्पनी बाध्य भई तपाईंको विरुद्धमा कानूनी कारबाही गर्ने यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| सि.नं. | सञ्चालकहरुको नाम |
|---|---|
| १. | सूर्यधन राई |
| २. | बिजय गुरुङ |
| ३. | बल बहादुर सारु |
| ४. | रबिन्द्र राई |
| ५. | दीपा राई |

Govt. Lic. No. 1411/074/075
**फरएभर ह्युमेन रिसोर्स सोलुसन प्रा.लि.**
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4953298

**Dolpo Buddha Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dho, Dolpa**
**Karnali Province, Nepal**

**Invitation for Electronic Bids**

**Invitation for electronic Bids for the Construction Works Under Below Mentioned Contracts**
**Date of publication: 20-09-2023 (2080-06-03 BS)**

1. ***Dolpo Buddha Rural Municipality*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***following works*** under National Competitive Bidding procedures.

| SN | Description of Works | Contract ID | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | *Polde One House One Tap Water Supply Construction* | DBRM/DOLPA/WORKS/NCB/04-080/081 | NRS. 10764974.73 /- | 2,90,000/- | Bidding Document Fee NRs 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Rastriya Banijya Bank Ltd.**
   Name of Office : **Dolpo Buddha Rural Municipality, Dolpa**
   Office Account no. : **4540100301010002**
   Rajaswa (revenue) Shirshak no. : **14229**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***20-10-2023 (2080-07-03 BS)***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***20-10-2023 (2080-07-03 BS)***. ***14:00*** at the office of ***Dolpo Buddha Rural Municipality, Dolpa***.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Chief Administrative Officer***



## सम्पादकीय

# बुझ्न नसकेको संविधान

सरकारी आयोजनामै आज संविधान दिवस मनाइदैछ। संविधान दिवस मनाउन सरकारले सार्वजनिक विदा दिएको छ। ३ असोज २०७२ मा संविधान जारी भएपछि वर्षेनि सरकारले संविधान दिवस मनाउँदै आएको छ। अनौपचारिक क्षेत्रको समेत सहभागिता रहनेगरी आयोजना गरिने समारोह र अनेक गतिविधि गरी संविधान दिवस मनाइने गरेको छ। परम्परा पछ्याउँदै यसपटक पनि सरकारी र गैरसरकारी क्षेत्रबाट संविधान दिवसको आयोजना गरिएको छ। संभवतः पहिलोपटक प्रधानमन्त्री मुलुक बाहिर भएकाले कार्यबाहक प्रधानमन्त्रीले संविधान दिवसको सन्देश दिनेछन्। राष्ट्रपति, उपराष्ट्रपति सहित राजनीतिक दलहरूले संविधान दिवस मनाउनेछन्। त्यसका लागि दलहरूले आफ्नै आयोजनामा पनि कार्यक्रमहरू आयोजना गरेका छन्। यी समारोहहरूमा संविधानको औचित्यमाथि बिमर्श हुनेछ।

बिमर्शका विषय लगभग साझा छन्। सात दशक लामो राजनीतिक संघर्षको जगमा जनताका प्रतिनिधिहरू सामेल संविधानसभाबाट संविधान जारी भएको थियो। यो संविधानले नागरिकमा मुलुकको सार्वभौमसत्ता सुम्पेको छ। यसअघिका संविधानहरूले मुलुकको सर्वोच्च संस्थाका रूपमा राजसंस्थालाई मानेको थियो। राजालाई नै मुलुकको एकताको प्रतीक मानेर मुलुक सञ्चालन हुने गरेकोमा वर्तमान संविधानले नागरिकलाई मुलुकको मालिक बनाएको छ। लोकतान्त्रिक गणतन्त्र, संघीयता, मिश्रित निर्वाचन प्रणाली, समावेशी राज्य संयन्त्र, धर्म निरपेक्षतालाई संविधानले मूल अन्तर्वस्तु मानेको छ। संविधानको यिनै व्यवस्था बमोजिमका राज्य संरचना निर्माण भइरहेका छन्, कतिपय टुंगिन बाँकी छ। संघीयता संरचना बमोजिम संघ, सात प्रदेश र ७५३ स्थानीय सरकार अस्तित्वमा छन्।

